# लोक सेवा आयोग
# जलेश्वर कार्यालय

जलेश्वर, महोत्तरी

## लेखापाल पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

### सूचना नं.१४२/०८१-८२, मितिः २०८२/०२/१५

लोक सेवा **आयोग जलेश्वर कार्यालयको** विज्ञापन नम्बर ११३०३/०८१-८२ (आदिवासी जनजाति), प्रशासन सेवा, लेखा समूह, रा.प.अनं.प्रथम श्रेणी (अप्राविधिक), लेखापाल पदमा जलेश्वर परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको निम्न मिति, समय र स्थानमा निम्नानुसारको परीक्षा भवनमा प्रथम चरणको लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरुले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाणसहितका कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १(एक) घण्टा अगावै पुग्नु पर्नेछ। परीक्षार्थीहरूले अनिवार्य रुपमा पालना गर्नुपर्ने विषयहरु द्रष्टव्यमा उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण (General Knowledge & General Mental Ability Test) | वस्तुगत (Objective): वहुवैकल्पिक प्रश्न (Multiple Choice Questions) | २०८२।०२।३१ गते दिनको २:०० बजे | ४५ मिनेट |

**लिखित परीक्षा भवन**

| क्र. सं. | उम्मेदवारहरुको रोल नं. | | संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | १५०१०७ | १५३४९० | ५३ | लोक सेवा आयोग, जलेश्वर कार्यालयको परीक्षा भवन |

द्रष्टव्यः-

१. लोक सेवा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

२. प्रथम चरणको परीक्षाको उत्तरपुस्तिका OMR प्रणालीको हुनेछ।परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।

३. परीक्षा भवनमा झोला, क्यालकुलेटर, मोवाइल फोन, स्मार्ट घडी र अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।

४. जलेश्वर परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरु बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरुलाई परीक्षामा सामेल गराईने छैन।

५. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित गराइने छैन।

६. प्रवेश-पत्र सँगै आफ्नो नेपाली नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै एक परिचयपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ।

७. परीक्षा सञ्चालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।

(छक्क बहादुर वि.क.)
कम्प्युटर अपरेटर

(केदार नाथ शर्मा)
शाखा अधिकृत

(चन्द्रकान्त निरौला)
उपसचिव